गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्षः ४ | अंकः ३४ | महिनाः ३४ | कार्तिक २०८२**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा कार्तिक महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्यकर्मीहरुका लागि रेबिज व्यवस्थापन सम्बन्धि तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना, शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालको प्राविधिक सहयोग तथा फेयरमेड र नेपाल गाजा डेभलपमेन्ट फाउन्डेशनको सहयोगमा बागलुङ जिल्लामा स्वास्थ्यकर्मीहरुका लागि रेबिज व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न भएको छ।





मिति २०८२/०७/२२ र २३ गते संचालन गरिएको उक्त तालिममा बागलुङ र रुकुम जिल्लाका २८ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो। तालिममा शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका कन्सल्टेन्ट डा. मिलन बज्रचार्य तथा धौलागिरी प्रादेशिक अस्पतालका डा. मधु पाण्डेले सहजीकरण गर्नुभएको थियो।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा कार्तिक महिनामा सम्पादित कार्यक्रम

### आ. व. २०८१/८२ मा सम्पादित कार्यक्रमहरुको जिल्लास्तरिय वार्षिक समीक्षा तथा आ.व. २०८२/८३ को कार्यक्रम सार्वजनीकरण

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/०७/१८ गते "आ. व. २०८१/८२ मा सम्पादित कार्यक्रमहरुको जिल्लास्तरिय वार्षिक समीक्षा तथा आ.व. २०८२/८३ को कार्यक्रम सार्वजनीकरण" कार्यक्रम सम्पन्न गरिएको छ।

कार्यक्रममा गण्डकी प्रदेशका माननीय स्वास्थ्य मन्त्री श्री कृष्ण प्रसाद पाठकको प्रमुख आतिथ्यता रहेको थियो भने जिल्ला समन्वय समिती बागलुङका प्रमुख श्री अमर थापाको विशिष्ट आतिथ्यता रहेको थियो। त्यसैगरी बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कुमान सिंह गुरुङ, धौलागिरी अस्पतालका मे.सु. श्री किरण तिवारी, धौलागिरी आयुर्वेद अस्पतालका प्रमुख डा. शरद पन्थी, प्रमुख कोष नियन्त्रक किशोर श्रेष्ठ, जिल्ला समन्वय अधिकारी कृष्ण राज गौतम संचारकर्मी, जिल्लाका स्थानिय तहका सबै स्वास्थ्य शाखा प्रमुख एवम प्रतिनिधि तथा बुर्तिबाङ अस्पतालका प्रतिनिधिको उपस्थिती रहेको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका निमित्त कार्यालय प्रमुख श्री घनश्याम सापकोटाको अध्यक्षता रहेको थियो।












चालू आर्थिक वर्षमा विनियोजित कार्यक्रम र सो को योजना सहितको विवरण आम सरोकारवालालाइ जानकारी दिने उद्देश्यका साथ २०८२/०८३ को कार्यक्रम सार्वजनीकरण गरिएको हो। त्यसै गरि कार्यक्रममा आ.व २०८१/८२ मा प्रदेश जनस्वास्थ्य कार्यालय तथा स्थानिय तहद्वारा स्वास्थ्य क्षेत्रमा सन्चालन गरिएका कार्यक्रम एवम उपलब्धिबारे समीक्षा गरिनुका साथै आ.व. २०८२/८३ मा सन्चालन गरिने कार्यक्रमको कार्ययोजना समेत पेश गरिएको थियो।

# बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## बागलुङ नगरपालिका

- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि सेवन अभियान।
- पाँच वर्ष भित्रका बालबालिका र सुनौलो हजार दिनका महिलाहरूको पोषण लेखाजोखा कार्यक्रम।
- स्वास्थ्य संस्था स्तरीय मासिक समीक्षा एवं डाटा भेरिफिकेसन।
- डेङ्गी रोगको नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान।
- विद्यालय समुदाय स्तर मा स्वास्थ्य शिक्षा र प्रवर्धन कार्यक्रम।
- विश्व मधुमेय  दिवस (world Diabetes day) सम्पन्न।
- स्वस्थ आमा समूह , महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था स्तरीय स्वास्थ्यकर्मीको मासिक बैठक।




## गलकोट नगरपालिका

- समुदाय स्तरमा मातृ तथा नवजात शिशु स्वास्थ्य, लैङ्गिक हिंसा तथा बालबिवाह सम्बन्धि जनचेतनामूलक स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिका वडा नं  ८,१० र ११मा गर्भवति महिलाहरुको लागि लक्षित ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम संचालन।
- विद्यालय स्तरमा "सकारात्मक सोच,योग र ध्यान" सम्बन्धि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
- बालरोग एकिकृत व्यवस्थापन कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम गलकोट नगरपालिका अन्तर्गतका दुदिलाभाँटी स्वास्थ्य चौकी, मल्म स्वास्थ्य चौकी र चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सम्पन्न।
- गलकोट  नगरपालिका वडा नं ८ थालेपोखरामा ल्याव सेवा सहितको नसर्ने रोगको स्क्रिनिङ, आँखा रोग सम्बन्धि चेकजाँच, विशेषज्ञ स्वास्थ्य शिविर  तथा दन्त रोग सम्बन्धि विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न।
- गलकोट नगरपालिका १० पाण्डवखानी स्वास्थ्य चौकीमा मातृ तथा नवजात स्वास्थ्य सम्बन्धि ३ दिने स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न।
- विद्यालय स्तरमा रेविज रोगको बारेमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
- आ.व. ८२/०८३ को पहिलो चरणको भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न।

## जैमिनी नगरपालिका

- राष्ट्रिय भिटामिन कार्यक्रम अन्तरगत लक्षित समुहका बालबालिकाहरु लाई भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न ।
- सम्बोधन परियोजनाको सहकार्यमा जैदी स्वास्थ्य चौकी अन्तरगतका समुदायमा साथ कार्यक्रम संचालन।
- सबै वडामा महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरूको मासिक समिक्षा सम्पन्न।

## ढोरपाटन नगरपालिका

- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि सेवन कार्यक्रम संचालन।
- ५ बर्ष मुनिका तथा सुनौलो हजार दिनका आमाहरुको पोषण लेखाजोखा कार्यक्रम संचालन।
- स्वास्थ संस्था प्रमुखहरुको मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्यक्रम संचालन।

- सबै वडाहरुमा वालमैत्री स्थानिय शासन धोषणाको लागि स्वास्थ्यका सुचकहरुको मापन कार्यक्रम।
- सबै वडाहरुमा सरसफाई प्रवर्धन कार्यक्रम संचालन गरिएको ।
- सर्कुवा स्वास्थ्य चौकी र नेपाने शहरि स्वास्थ्य केन्द्रबाट समुदायमा नसर्ने रोगको स्क्रिनिङ तथा उपचार सम्पन्न।
- स्वास्थ्य संस्था प्रमुख हरुको लागि PAMS-v२ सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन।
- डेङ्गी रोग विरुद्द खोज र नस्ट गर अभियान संचालन ।
- समुदाय स्तरमा "साथ" कार्यक्रम संचालन।
- फेयरमेड फाउन्डेसन को सहयोगमा अधिकारिचौर स्वास्थ्य चौकिमा HFOMC को २ दिने क्षमता अभिवृद्दी तालिम संचालन।
- नर्सिङ कर्मचारिहरुको लागि MNH कार्यक्रम को प्रथम त्रैमासिम समीक्षा गोष्ठी तथा अन्तर्कृया कार्यक्रम संचालन।
- निशुल्क ग्रामिण भिडियो एक्सरे सेवा कार्यक्रम संचालन ।

## निसिखोला गाउँपालिका

- राष्ट्रिय भिटामिन कार्यक्रम अन्तरगत लक्षित समुहका बालबालिकाहरु लाई भिटामिन ए तथा जुकाको अौषधि खुवाउने कार्यक्रम सम्पन्न ।
- सबै स्वास्थ्य संस्था सरसफाई प्रवर्धन कार्यक्रम संचालन गरिएको ।
- मासिक बैठक तथा डाटा भेरिफिकेसन४-डेंगी रोग विरुद्द खोज र नस्ट गर अभियान सन्चालन ।
- निसी स्वास्थ्य चौकी र बोहोरागाउँ स्वास्थ्य चौकी न्युन्तम सेवा मापणको स्वः मुल्यांकन।
- फेयरमेड फाउन्डेसन को सहयोगमा बाल बिबाह तथा लैंगिक , हिसां अपाङगत्ता ,छुवाछुत सम्बन्धि वडा नं २,३,६मा अभिमुखिकरण सम्पन्न।

## बडीगाड गाउँपालिका

- स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि सेवन कार्यक्रम संचालन ।
- ५ बर्ष मुनिका तथा सुनौलो हजार दिनका आमाहरुको पोषण लेखाजोखा कार्यक्रम संचालन।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणा सम्बन्धि संस्था प्रमुख, पोषण फोकल ब्यक्तिहरुलाई अभिमुखिकरण संचालन।
- स्वास्थ्य संस्था प्रमुख हरुको लागि PAMS-v२ सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन।
- विद्यालय, समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।

## काठेखोला गाउँपालिका

- २०८२असोज महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं स्वास्थ्य संस्था प्रमुखहरु सँग मासिक समीक्षा कार्यक्रम संचालन।
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान कार्यक्रम संचालन।
- सुनौला हजार दिनका आमाहरु तथा ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रम संचालन।
- विद्यालयमा स्वास्थ सचेतनात्मक अन्तर्क्रियात्मक कार्यक्रम संचालन।
- तंग्राम स्वास्थ्य चौकीमा सम्बोधन परियोजनाको सहकार्यमा साथ कार्यक्रम संचालन।

## बरेङ गाउँपालिका

- सबै स्वास्थ्यचौकीहरु द्वारा किशोर किशोरी लक्षित विद्यालय स्वास्थ्य शिक्षा तथा पोषण लेखाजोखा।
- बाटाकाचौर स्वास्थ्यचौकीद्वारा शारदा मा वि र ज्ञानोदय मा वि मा विद्यालय स्वास्थ्य शिक्षा तथा स्वास्थ्य परिक्षण।
- सल्यान स्वास्थ्यचौकीद्वारा सल्यान सुखौरा मा विमा नसर्ने रोग सम्बन्धी स्वास्थ्य शिक्षा।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम सङ्गै सवै स्वास्थ्य संस्थाहरुद्वारा सुनौलो १००० दिनका आमा तथा बालबालिकाहरुको लागि पोषण लेखाजोखा।
- "म स्वस्थ मेरो घर टोल स्वस्थ" कार्यक्रमको लागि जनस्वास्थ्य अधिकृत छनौट।

| तमानखोला गाउँपालिका | ताराखोला गाउँपालिका |
|---|---|
| • स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक।<br>• समुदाय स्तरमा पोषण तथा किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम।<br>• राष्ट्रिय भिटामिन "ए" तथा जुकाको औषधि वितरण कार्यक्रम ।<br>• | • स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक।<br>• समुदाय स्तरमा पोषण तथा किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम।<br>• राष्ट्रिय भिटामिन "ए" तथा जुकाको औषधि बितरण कार्यक्रम ।<br>• ५ बर्ष मुनिका र सुनौलो १००० दिनका आमाहरुको पोषण लेखाजोखा।<br>• निशुल्क ग्रामिण भिडियो एक्सरे सेवा प्रदान । |

**के तपाईंले प्रतिजैविक, एन्टीबायोटिक्स लगायत एन्टीमाईक्रोबियल औषधिको प्याकेटमा रातो धर्का देख्नु भएको छ ? के यस्ता औषधिहरु स्वास्थ्यकर्मीको प्रेशक्रिप्सन बिना लिने गर्नु भएको छ?**




यस्ता औषधिको अनुचित प्रयोग/दुरुपयोग भयो भने प्रतिजैविक प्रतिरोध अर्थात् **एन्टीमाइक्रोबियल रेजिस्टेन्स** **Antimicrobial Resistance** हुन सक्छ र स्वास्थ्यमा जोखिम बढ्छ ।

प्रतिजैविक प्रतिरोध सम्बन्धी थप जानकारीका लागी QR कोड स्क्यान गरी जानकारी प्राप्त गर्नुहोस्

स्वास्थ्यकर्मीको प्रेशक्रिप्सनमा मात्र प्रतिजैविक, लगायत एन्टीबायोटिक्स, एन्टीमाईक्रोबियल औषधि प्रयोग गरौं !!

प्रतिजैविक प्रतिरोध रोक्न सहयोग गरौं !!

**प्रकाशित मितिः २०८२ मंसिर ४**